# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६७/८/१७ गते शुक्रवार देखि २०६७/८/२३ गते बिहीबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ११० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ७६३१ कारोबारबाट ११ करोड ६ लाख ८८ हजार रुपैयाँ बराबरका ४ लाख ४ हजार २ सय ६ कित्ता शेयरहरु खरीद बिक्री भएका छन् । गत साता ११५ कम्पनीहरुको कारोबार भएको थियो, जसअनुसार ७५५० कारोबारबाट २४ करोड ७ लाख ३१ हजार रुपैयाँ बराबरका १८ लाख ७० हजार ५ सय ६५ कित्ता शेयरहरु खरीद बिक्री भएका थिए । कारोबार रकममा गत साताको तुलनामा ५४.०२ प्रतिशतले ह्रास भएको हो । कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ५ करोड ७४ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५१.९५ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ८.९८ अंकले ह्रास भई अन्तिम दिन ३९८.८८ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बिमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ३६९.१६ | ४७१.६९ | ४०३.०४ | ५३३.४३ | ७०४.५३ | २६४.७७ | ४८८.३३ | ३५२.४८ | ३९१.३७ | ४०७.८५ | १००.२७ | ३५.१९ |
| दोस्रो | ३६४.०० | ४७१.६९ | ४०६.४३ | ५२८.७३ | ६९७.६८ | २६४.७७ | ४८८.२५ | ३५१.३१ | ३८६.८० | ४०३.५५ | ९८.९१ | ३४.७५ |
| तेस्रो | ३६१.४५ | ४७६.८३ | ४०६.४३ | ५२८.७३ | ६९५.७२ | २६४.७७ | ४८०.१६ | ३५०.२८ | ३८५.९७ | ४०१.७६ | ९८.५२ | ३४.५९ |
| चौथो | ३६०.१६ | ४९८.४७ | ४०६.४३ | ५२७.५६ | ७०१.३८ | २६४.७७ | ४८१.३१ | ३४८.४७ | ३८७.३० | ४०१.४२ | ९८.३९ | ३४.५९ |
| पाचौं | ३५८.३९ | ४९८.४७ | ४०६.४३ | ५२२.८६ | ६९७.२८ | २६४.७७ | ४८१.७२ | ३४६.३६ | ३८१.२६ | ३९८.८८ | ९७.६४ | ३४.३६ |
| परिवर्तन | -१०.७७ | २६.७८ | ३.३९ | -१०.५७ | -७.२६ | ०.०० | -६.६१ | -६.१२ | -१०.११ | -८.९८ | -२.६३ | -०.८३ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा २.६३ अंकले ह्रास भई ९७.६४ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (८८ लाख ५८ हजार रुपैयाँ) को आधारमा स्ट्यान्डर्ड चार्टर्ड बैंक तथा शेयर संख्या (३६ हजार ७ सय ९०) कित्ता र कारोबार संख्या (८ सय ६२ वटा) को आधारमा मनकामना डेभलपमेन्ट बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्यान्डर्ड चार्टर्ड बैंक | ८.८६ |
| २ | नेपाल इन्भेष्टमेन्ट बैंक | ६.३४ |
| ३ | बैंक अफ काठमाण्डू | ६.०७ |
| ४ | नेपाल एसविआई बैंक | ५.७६ |
| ५ | नविल बैंक | ४.५२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | काठमाण्डौ फाइनान्स | वोनस | १९३०६४८ कित्ता |